ला इलाह इल्लल्लाह (अल्लाह बाहेक कोही सत्य पूज्य छैन), अरबको विनाश नजिकिएको छ, आज याजूज र माजूजको पर्खालमा यस्तो प्वाल परेको छ ।

जैनब बिन्ते जहश (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) डराएर उनीकहाँ आउनुभयो, यसो भन्दै: "ला इलाह इल्लल्लाह (अल्लाह बाहेक कोही सत्य पूज्य छैन), अरबको विनाश नजिकिएको छ, आज याजूज र माजूजको पर्खालमा यस्तो प्वाल परेको छ ।" उहाँले आफ्नो बुढी औंला र चोर औंलाले घेरा बनाएर व्याख्या गर्नुभयो ।
जैनब बिन्ते जहश (रजियल्लाहु अन्हा) भन्छिन्: मैले भने: हे अल्लाहका रसूल! के हामी
माझ असल र धार्मिक मान्छे हुँदाहुँदै हामी नष्ट हुनेछौं? उहाँले भन्नुभयो: "हो, जब
पाप र दुष्टता बढ्छ ।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) एकदमै आत्तिएको अवस्थामा जैनब बिन्ते जहश (रजियल्लाहु अन्हा) कहाँ आउनुभयो र उहाँ 'ला इलाह इल्लल्लाह' भनिरहनुभएको थियो । वास्तवमा, यो केही नराम्रो घटना हुने संकेत थियो । जसबाट मुक्ति पाउन अल्लाहतर्फ फर्कन बाहेक अरू कुनै विकल्प छैन, त्यसपछि उहाँले भन्नुभयो: अरबको विनाश नजिकिएको छ । आज याजूज र माजूजको पर्खालमा प्वाल परेको छ । यो त्यही बाँध हो, जसलाई जुल-कर्नैनले बनाएका थिए । उहाँले आफ्नो बुढी औंला र चोर औंलाले घेरा बनाएर प्वालको आकारको व्याख्या गर्नुभयो । जैनब (रजियल्लाहु अन्हा) ले सोधिन्: के हामी माझ असल र धर्मी विश्वासीहरू हुँदाहुँदै पनि अल्लाहले हामीलाई नष्ट गर्नुहुनेछ? नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले तिनलाई भन्नुभयो: हो, जब अनैतिकता, पाप, व्यभिचार र रक्सी जस्ता दुष्टत कर्महरू बढ्छ, तब सबैलाई नष्ट गरिनेछन् ।

https://sunnah.global/hadeeth/ne/show/3145